# उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मितिः-२०८१।०५।०७

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

प्रेम कुमार राई
अध्यक्ष

# उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हतुवागढी गाउँपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो कार्यविधि प्रकाशन गरिएको छ ।

**पृष्ठभुमी:-** नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरि हतुवागढी गाउँपालिकाको कार्य क्षेत्र भित्र व्यवसायिक कृषिको माध्यमबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चितता गर्न सकिने सम्भावना प्रचुर रहेको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग र निर्वाहमुखि कृषि प्रणालीको कारण कृषि क्षेत्रमा संलग्न कृषकहरुले पर्याप्त मात्रामा आम्दानी गर्न नसकी कृषि पेशा अन्य पेशाको तुलनामा आकर्षित र सम्मानित हुन सकेको छैन । कृषि क्षेत्रलाई आकर्षणको रुपमा हेर्न नसकेको कारण यस हतुवागढी गाउँपालिका क्षेत्र भित्रबाट वर्षेनी हजारौं युवाहरु वैदेशिक रोजगारमा जान बाध्य भएका छन भने शिक्षित युवाहरुलाई यस क्षेत्रमा संलग्न गराउन चुनौतिपुर्ण छ। कृषि क्षेत्रलाई उत्पादन र रोजगारको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर शिक्षित युवाहरुलाई कृषि पेशामा आकर्षित गरि देशभित्र स्वरोजगार सृजना गर्नुपर्ने जरुरी छ भने अर्कोतिर कृषि पेशामा संलग्न भएका व्यवसायिक र अर्ध व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरि कृषि पेशालाई सम्मानित र व्यवसायिक वनाउनुपर्ने आवश्यकता छ । यसै परिप्रेक्ष्यमा हतुवागढी गाउँपालिकाले कृषि व्यवसाय (कृषि तथा पशुपालन) मा विगत देखि उत्कृष्टरुपमा कार्य संचालन गरिरहेका व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गरि उत्कृष्ट कृषक पुरस्कार प्रदान गर्नकालागि यसै वर्षदेखि उत्कृष्ट कृपक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्धविधि , २०८१ तयार गरि लागु गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:-

क. यो कार्यविधिको नाम **"उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** रहेकोछ ।

ख. यो कार्यविधि हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मितिदेखी लागु हुनेछ ।

२. परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यक्रम:- भन्नाले उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई सम्झनुपर्दछ ।

ख. **उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकको न्यूनतम योग्यता** : - भन्नाले यसै कार्यविधिको अनुसुची – १ मा उल्लेख भएको उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सहभागिताको लागी न्यूनतम मापदण्ड जनाउदछ ।

ग. समिति :- भन्नाले हतुवागढी गाउँपालिकामा रहेको आर्थिक विकास समितिलाई जनाउदछ ।

घ. कार्यालय :- भन्नाले हतुवागढी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ. कृषक :- भन्नाले हतुवागढी गाउँपालिका क्षेत्रभित्रका कृषि पेशामा आवद्ध किसानलाई सम्झनु पर्दछ ।

च. उत्कृष्ट कृषक :- भन्नाले हतुवागढी गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यवसायिक रुपमा कृषि तथा पशुपालन गरेका,प्राविधिक रुपमा कृषि व्यवसाय संचालन गरका, आफुले उत्पादन गरेर यस गाउँपालिका लगायत अन्य क्षेत्रमा समेत आफ्नो उत्पादित कृषि उपज विक्री गरेका, आफ्नो व्यवसायबाट रोजगारी सृजना गरेको, स्थानिय श्रोत र साधनलाई बढी प्रयोग गरेका, गोठ सुधार गरेका , आधुनिक कृषि प्रविधि सम्बन्धि सामान्य जानकार भएका, वडादेखी सिफारिस भई आएका कृषकहरुलाई सम्झनुपर्दछ ।

३. कार्यक्रम संचालनको उदेश्य :-यस कार्यविधि अनुसार कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।

क. कृषकको योगदानलाई सम्मान गर्नु ।

ख. कृषि पेशालाई समाजको आकर्षक एवमं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउनु ।

ग. कृषक समुदायमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गरि कृषि पेशालाई व्यवसायिक बनाउन सहयोग पुर्याउनु ।

घ. कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुर्याउनु ।

ङ. शिक्षित युवा वर्गलाई कृषि पेशातर्फ आकर्षित गर्न सहयोग पुर्याउनु ।

## परिच्छेद – २

## कार्यक्रम सञ्चालन विधि

४. उत्कृष्ट कृषक छनौट विधि :-

क. हतुवागढी गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यवसायिक रुपमा उत्कृष्ट कृषकहरु (कृषि तथा पशुपालन) छनौट गर्न हतुवागढी गाउँपालकाको कार्यालयले अनुसुची – २ बमोजिम सूचना प्रकाशन गर्नेछ ।

ख. सूचनामा तोकिएको म्यादभित्र अनुसुची – ४ बमोजिमको व्यक्तिगत विवरण सहित रीतपूर्वक दर्ता भएका अनुसुची – ३ बमोजिमका निवेदनहरु उपर यसै कार्यविधिको दफा – ५ बमोजिम गठीत उत्कृष्ट कृषक पुरस्कार छनौट समितिले अध्ययन गरि छोटो सूचि प्रकाशन गरि स्थलगत अनुगमन पश्चात अन्तिम नामावली प्रकाशन गर्नेछ ।

५. उत्कृष्ट कृषक पुरस्कार छनौट समिति :- हतुवागढी गाउँपालिकामा उत्कृष्ट कृषक पुरस्कार छनौट समिति निम्न बमोजिम हुनेछ ।

क. गाउँपालिका अध्यक्ष – संयोजक

ख. गाउँपालिका उपाध्यक्ष – सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ. कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक – सदस्य

ङ. गाउँपालिकाको पशुपन्छी सेवा शाखा प्रमुख – सदस्य

च. गाउँपालिकाको कृषि शाखा प्रमुख – सदस्य सचिव

प्रेम कुमार राई
अध्यक्ष

६. उत्कृष्ट कृषक पुरस्कार छनौट समितिको काम कर्तब्य र अधिकार

क. म्याद भित्र काजगात पुगेका निवेदनहरुलाई मात्र मान्यता दिने ।

ख. रीतपूर्वक दर्ता भएका निबेदनहरु मध्ये अनुसुची – १ मा भएका बाली तथा पशुपन्छीलाई आधार मानेर मूल्यांकन गरी छोटो सूचि प्रकाशन गर्नुपर्ने ।

ग. रीतपूर्वक दर्ता भएका निवेदनहरु उपर स्थलगत अनुगमन गरि उत्कृष्ट देखिएका कृषकहरुलाई छनौट गर्नुपर्ने ।

घ. कृषि तर्फबाट ६ वटा बाली (खाद्यान्न बाली, तेलहन बाली, तरकारी बाली, फलफूल बाली, च्याउ खेती, मौरी पालन) लाई छनौट गर्ने र पशुपन्छी तर्फ पनि ६ वटा (माछापालन, बाख्रापालन, बंगुरपालन, गाईभैसी पालन, कुखुरापालन र घाँसखेती ) गरि उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्नकालागि छनौट गर्ने ।

ङ. एउटै व्यवसायिक कृषकले बाली तथा पशुपन्छीपालन गरि दुईवटै क्षेत्रमा उत्कृष्ट देखिएमा एउट पक्षलाई मात्र पुरस्कार छनौट समिति छनौट गर्ने ।

च. छनौट भएका कृषकहरु सम्बन्धि कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय हतुवागढी गाउँपालिकामा रहेको आर्थिक विकास समितिले तथ्यगत निर्णय गर्नेछ ।

७. पुरस्कार तथा कार्वाही व्यवस्था :- छनौट भएका उत्कृष्ट कृषकहरुलाई पुरस्कार वितरण समारोहमा नगद राशी तथा कदर पत्र सहित सार्वजनिक रुपमा सम्मान गरिनेछ । झुटा विवरण पेश गरि पुरस्कार रकम प्राप्त गरेको पाईएमा प्रचलित कानून बमोजिम कार्वाही गरि भविष्यमा यस्ता कृषकहरुलाई सरकारी सेवासुविधा नदिने गरि कालो सूचीमा राखिनेछ ।

८. विविध :- उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालनको समन्वय हतुवागढी गाउँपालिका कृषि विकास शाखा तथा पशुपन्छी सेवा शाखाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

९. अमान्य हुने :- यस कार्यविधीमा व्यवस्था भएका विषयहरु प्रचलित कानूनसँग बाँझिएमा अमान्य हुनेछ ।

१०. बाधा अड्काउ फुकाउने :-

क. यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा कुनै अस्पस्टता भएमा सोको व्याख्या गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

ख. कार्यविधिमा कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ ।

ग. यस कार्यविधिलाई आवश्यकता अनुसार गाउपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

प्रेम कुमार राई
अध्यक्ष

अनुसुची – १

(दफा १ को उपदफा ख सँग सम्बन्धित)

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकको न्यूनतम योग्यता

| क्र.सं. | बालीको / पशुपन्छीको नाम | क्षेत्रफल / संख्या (नूनतम | कैफियत |
|---|---|---|---|
| १ | खाद्यान्न बाली | १० रोपनी | |
| २ | तरकारी बाली | २ रोपनी | |
| ३ | तेलहन बाली | ३ रोपनी | |
| ४ | फलफूल बाली | १०० बोट फल्ने | |
| ५ | मौरी पालन | ३० गोला सहितको आधुनिक घार | |
| ६ | च्याउ खेती | ३ वटा टनेल | |
| ७ | माछापालन | १ रोपनीको पोखरी | |
| ८ | बाख्रापालन | २० वटा माउ बाख्रा | |
| ९ | बंगुरपालन | ५ वटा माउ बंगुर | |
| १० | गाईभैंसी पालन | ५ वटा माउ गाई/भैंसी | |
| ११ | कुखुरा पालन | २०० संख्या | |
| १२ | घाँस खेती | २ रोपनी | |

प्रेम कुमार राई
अध्यक्ष

अनुसुची - २

(दफा ४ को उपदफा क सँग सम्बन्धित)

सूचनाको ढाँचा

उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुने आवेदन आह्वानको सूचना ।

हतुवागढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, घोडेटार भोजपुरको उप - क्षेत्र कृषि तर्फको आ.व. .................. स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि क्षेत्रमा योगदान पुर्याउने कृषकहरुलाई सम्मान गर्न उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम रहेको हुदाँ ईच्छुक कृषकहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले .................... दिन अर्थात .......................... गते भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न गरि यस कार्यालयको कृषि शाखामा आवेदन पेश गर्नुहुन अनुरोध छ । थप जानकारीको लागि .............................. मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजातहरु

१. अनुसुची - ३ बमोजिको निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. निवेदकको कृषि फर्म/कम्पनी दर्ता भएको हकमा दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी
४. सम्बन्धित वडाको सिफारिस - पत्र
५. अनुसुची - ४ बमोजिमको फारम

प्रेम कुमार राई
अध्यक्ष

अनुसुची – ३

(दफा ४ को उपदफा ख सँग सम्बन्धित)

(निवेदनको ढाँचा)

मितिः-

विषयः- उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी गराई पाउँ ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

घोडेटार, भोजपुर ।

प्रस्तुत बिषयमा तहाँ कार्यालयको मिति ........................ गते प्रकाशित सूचना बमोजिम उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन म हतुवागढी गाउँपालिका ............. वडा निवासी श्री ........................................ ईच्छुक भएको हुदाँ तपसिल बमोजिको कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

तपसिल

संलग्न कागजातहरु

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. कृषि फर्म/कम्पनी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी
३. सम्बन्धित वडाको सिफारिस – पत्र
४. अनुसुची – ४ बमोजिमको फारम

निवेदक

नामः-

ठेगानाः-

सम्पर्क नं. :-

प्रेम कुमार राई
अध्यक्ष

अनुसुची – ४

(दफा ४ को उपदफा ख सँग सम्बन्धित)

(व्यक्तिगत विवरणको ढाँचा)

१. कार्यक्रममा सहभागि हुने कृषकको नामः-

२. सहभागीको स्थायी ठेगानाः-

३. श्रोत साधनको विवरणः-

४. सहभागी हुने कृषकले गरि आएको मुख्य कृषि उत्पादन तथा पशुपन्छी पालनको नामः-

| क्र.सं. | विवरण | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | कुल जग्गाको क्षेत्रफल(भाँडामा लिएको समेत | | | |
| क. | कूल खेती गरिएको क्षेत्रफल | | | |
| ख. | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | | |
| ग. | सिंचित जग्गाको क्षेत्रफल | | | |
| २. | सिंचाईको श्रोत | | | |
| क. | कुलो | | | |
| ख. | ट्याङ्की | | | |
| ग. | प्लास्टिक पोखरी | | | |

५. खेती गरिएको बालीको क्षेत्रफल र उत्पादन विवरण

| क्र.सं. | विवरण | ईकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १. | खाद्यान्न बाली | | | |
| क | धान | | | |
| ख | मकै | | | |
| ग | गहुँ | | | |
| २ | तेलहन बाली | | | |
| क | तोरी | | | |
| ३. | तरकारी बाली | | | |
| क | वर्षे तरकारी | | | |
| ख | हिउदे तरकारी | | | |
| ग | वेमौसमी तरकारी | | | |

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

प्रेम बहादुर राई
अध्यक्ष

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४. | फलफूल बाली | | | |
| क | सुन्तला | | | |
| ख | एभोकाडो | | | |
| ग | किवी | | | |
| घ | आँप | | | |
| ङ | अन्य भए खुलाउने | | | |
| ५ | च्याउ खेती | | | |
| ६ | मौरीपालन | | | |
| ७ | बदाम खेती | | | |

६. पशुपन्छी पालन तर्फ

| क.सं. | विवरण | ईकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १. | माछापालन | | | |
| २. | ठूला पशु पालन | | | |
| क. | गाई | | | |
| ख. | भैंसी | | | |
| ३. | साना पशुपालन | | | |
| क. | बाखा माउ | | | |
| ख. | बंगुर माउ | | | |
| ४. | कुखुरापालन | | | |
| ५. | घाँस खेती | | | |

७. सेवा तथा संस्थागत पहुँच सम्बन्धि विवरणः-

| क.सं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | समान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | बाली तथा पशु विमामा पहुँच | | | | |
| २ | कार्यक्रम/आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ३ | प्राविधिक सँगको सम्पर्क स्थिती | | | | |

८. कृषि पेशामा संलग्न कामदारहरुको विवरणः-

| क.सं. | कामदारको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपन्छीपालन कार्यमा | | | |
| ३ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

प्रेम कुमार राई
अध्यक्ष

९. कृषि व्यवसायमा लगानीको स्थिती:-

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपन्छीपालन खर्च | | |
| ३ | जम्मा कृषि औजार खरिद खर्च | | |
| ४ | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

१०. कृषि व्यवसायमा भएको लगानीको श्रोत:-

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | ऋण लगानी | | |
| २ | आफ्नै आम्दानीबाट ब्यहोरेको रकम | | |
| | कुल जम्मा | | |

११. कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी स्थिती:-

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपन्छीपालन कार्यबाट | | |
| ३ | कृषि उपजको बजारीकरण कार्यबाट | | |
| | कुल जम्मा आम्दानी | | |

१२. निम्न विषयमा सहभागी कृषकको दक्षता:-

| क्र.सं. | दक्षताको क्षेत्र | स्थिती | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १ | उन्नत प्रविधि उपयोग तथा अनुशरण | | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग | | |
| ३ | प्रविधि विस्तारमा योगदान | | |
| ४ | रोगकिरा नियन्त्रण प्रविधिको उपयोग | | |
| ५ | भकारो तथा गोठ सुधार | | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धि रेकर्ड व्यवस्थापन | | |
| ७ | कुनै किसिमको पुरस्कार तथा प्रशसांपत्र | | |
| ८ | समुह/समिति/सहकारीको सदस्यता | | |
| ९ | स्थानिय स्तरमा आफ्नो अनुभवको आदान प्रदान | | |

प्रेम कुमार राई
अध्यक्ष

१३. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरण:- ..................................................

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

..................................................

..................................................

१४. कृषि व्यवसाय प्रवर्धनमा भावी योजना:- ..................................................

..................................................

..................................................

..................................................

..................................................

..................................................

..................................................

१५. कृषकको सफलताको कथा (बढीमा १५० शब्द नबढ्ने गरी) :- ..................................................

..................................................

..................................................

..................................................

..................................................

..................................................

..................................................

..................................................

..................................................

..................................................

प्रेम कुमार राई
अध्यक्ष

अनुसुची – ५

(उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निबेदन फारमको मूल्यांकनको आधारहरु

| क्र.सं. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्ताङ्क अंक | मूल्यांकन विधि |
|---|---|---|---|---|
| १ | श्रोत साधनको स्थिती तथा सदुपयोग | १० | | स्थलगत अनुगमन |
| २ | स्थानिय समुदायमा कार्य अनुभवको आदान प्रदान तथा योगदान | १० | | स्थलगत अनुगमन |
| ३ | उत्पादन स्थिती | २० | | स्थलगत अनुगमन |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | | स्थलगत अनुगमन |
| ५ | रोजगारी सृजनाको स्थिति | १५ | | स्थलगत अनुगमन |
| ६ | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | ५ | | स्थलगत अनुगमन |
| ७ | कृषि व्यवसायबाट प्राप्त आम्दानी तथा प्रतिफल स्थिति | १० | | स्थलगत अनुगमन |
| ८ | गाउँपालिकाको कार्यालय र प्राविधिकसँगको सम्पर्क | ५ | | स्थलगत अनुगमन |
| ९ | प्राविधिक ज्ञान सिप बारे जानकारी तथा प्रयोगको स्थिति | १० | | स्थलगत अनुगमन |
| १० | कृषि व्यवसायको दिगोपनाको स्थिति | १० | | स्थलगत अनुगमन |

प्रेम कुमार राई
अध्यक्ष